बैठक संख्याः ११२ औं

मितिं २०८३/०१/११ गते नेपाल संवत् ११४६ वछलाथ्व ८ शुक्रबार बिहान ११:३० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री सुना बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८५१०३२२१३ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री मिलन खड्का | सदस्य/का.बा.वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८४१२२८९२५ | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

# शंखरापुर नगर कार्यपालिकाको ११२ औं (मिति २०८३/०१/११) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८२/१२/३० गते बसेको कार्यपालिकाको १११ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८२/८३ को चैत्र महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | यस नगरपालिकाको आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक अवधिमा सम्पादित क्रियाकलापहरुको समीक्षा गरियो। |
| निर्णय नं ४: | यस नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३/०१/१० गतेको सिफारिस अनुसार अनुसूची-३ बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ को नगरस्तरीय तथा वडास्तरीय बजेट सीमा तथा मार्गदर्शन पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को लागि नीति मस्यौदा तयार गर्न देहायबमोजिमको एक नीति मस्यौदा समिति गठन गर्ने निर्णय गरियो।<br>उपसचिव श्री हेमन्त कुमार बुढाथोकी — संयोजक<br>वरिष्ठ शाखा अधिकृत श्री सुभद्रा पुडासैनी — सदस्य<br>वरिष्ठ इन्जिनियर श्री प्रकाश सिंह साउद — सदस्य<br>सूचना प्रविधि अधिकृत श्री सुजन थापा — सदस्य<br>लेखा अधिकृत श्री गोविन्द प्रसाद अधिकारी — सदस्य<br>योजना अधिकृत श्री राममणि ढकाल — सदस्य<br>कृषि विकास अधिकृत श्री सीतादेवी गुरागाईं — सदस्य |
| निर्णय नं ६: | यस शंखरापुर नगरपालिकाको सहकारी (दर्ता तथा नियमन) नियमावली, २०८३ पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं ७: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ८: | नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको (मानव संसाधन योजना शाखा) प.सं ०८२/०८३, च.नं २८१ मिति २०८२/१२/२६ को पत्रानुसार **China/ MOFCOM Scholarship** मा **"2026 Doctoral Program in Studies of National Development"** विषयमा अध्ययन छात्रवृत्ति कार्यक्रममा यस नगरपालिकाबाट वरिष्ठ शाखा अधिकृत श्री सुभद्रा पुडासैनी (क.सं.नं. २३२०५५) लाई मिति मनोनित गर्ने निर्णय गरियो। |

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

| | |
|---|---|
| निर्णय नं ९: | अनिवार्य तथा निशुल्क शिक्षा नियमावली, २०७७ को नियम (११) उपनियम (१) बमोजिम संस्थागत विद्यालयहरुले प्रदान गरिने छात्रवृत्ति विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बाबलबलिकाको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्न वडा अध्यक्ष वा सदस्यमध्येबाट वडा नं. ७ का वडा अध्यक्ष विष्णु श्रेष्ठ र कार्यपालिका सदस्य मनिषा परियार र दलित वा अपाङ्गता वा मानविय सेवाको क्षेत्रमा काम गर्ने संघ संस्था मध्येबाट महिला बन्दी सहायता केन्द्रलाई मनोनयन गर्ने निर्णय गरियो। |
| निर्णय नं १०: | यस शंखरापुर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरी आर्थिक कारोबार सम्बन्धी जोखिमको न्यूनीकरण गर्न प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय असल अभ्यास बमोजिम अनुगमनको व्यवस्था गर्न गठित आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समितिमा कार्यपालिकाको सदस्य एवं वडा अध्यक्ष श्री शेर गम्भिर थापा र कार्यपालिका सदस्य श्री तिउरी माया वाइबालाई मनोनित गर्ने निर्णय गरियो। |
| निर्णय नं ११: | यस नगरपालिकाको वडा नं ३ स्थित शंखरापुर प्याराग्लाइडिङ टिमको मिति २०८२/११/२७ को निवेदनानुसार कास्की जिल्लामा आयोजना हुने अन्तर्राष्ट्रियस्तरको प्याराग्लाइडिङ एकुरेसी प्रतियोगितामा खेलाडीको सहभागिता हुँदा लाग्ने खर्च बापत रु ५०,०००/- (अक्षरुपी रु पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो। |
| निर्णय नं १२: | यस नगरपालिकाको २ नं वडा कार्यालयको च.नं. ९५५ मिति २०८२/१२/३० को सिफारिस बमोजिम यस नगरपालिकाका वडा नं २ का वडा सदस्य श्री राकेश गुरुङको मिति २०८२/१२/२५ रातीको समयमा धारापानी स्थित रहेको निजको गोठमा अचानक आगलागी भएर गोठमा राखिएको पराल नल खोस्टा समेत अन्दाजी ६० भारी र माउ बाख्रा १ मृत्यु भएको तथा गोठको काठ जस्तापाता समेत समेत जलेको हुँदा सोको मर्मत गर्न जस्तापाता, फलाम आवश्यक सामग्री खरिद गर्नका लागि रु २५,०००/- (अक्षररुपी रु पच्चीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो। |
| निर्णय नं १३: | यस नगरपालिकाको कार्यपालिकाको विषयगत समिति अन्तर्गत सामाजिक विकास समितिका सदस्य सचिवको जिम्मेवारी उपसचिव (प्रा.) श्री हेमन्त कुमार बुढाथोकीलाई तोक्ने गर्ने निर्णय गरियो। |
| निर्णय नं १४: | यस नगरपालिकाको ठेक्का नं **SMO/2077/78/07** नगरपालिकाको प्रशासनिक भवन निर्माण आयोजना स्थलसम्म जाने बाटोमा सहरी विकास मन्त्रालयबाट सञ्चालित योजनाका कारण निर्माण सामग्री ढुवानीमा अवरोध भएकाले सम्झौता अवधिमा निर्माण सम्पन्न गर्न नसक्ने भनी मिति २०८२/१२/२५ को निवेदनानुसार मिति २०८३ असोज मसान्तसम्म म्याद थप माग गरेको हुँदा बिमा तथा बैङ्क जमानतका कागजातहरु पुरा गर्न लगाई हाललाई २०८३ असोज ३० गते सम्म म्याद थप गर्ने निर्णय गरियो। |

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

## अनुसूची १

### शंखरापुर नगर कार्यपालिकाको १११ औं (मिति २०८२/११/२९) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको संक्षिप्त बेहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ३: | दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन | सम्पन्न |
| निर्णय नं ४: | बागमती प्रदेश सरकार अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई नेपाल सरकारद्वारा प्रदान गरिने थप अनुदानको मलको सिफारिस गर्ने | सम्पन्न |
| निर्णय नं ५: | निर्दिष्ट समयावधि भित्र अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित भएको पालिका घोषणाका लागि आवश्यक सहयोग गर्न सरोकारवाला सबैलाई अनुरोध गर्ने | सम्पन्न |
| निर्णय नं ६: | "सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलानका आधार एवं मापदण्ड, २०८२" स्वीकृत गर्ने | सम्पन्न |
| निर्णय नं ७: | राजस्व सुधार कार्ययोजना अद्यावधिक गर्ने प्रक्रिया अगाडि बढाउने | कार्यान्वयनको चरणमा |
| निर्णय नं ८: | श्री गणेश इन्द्रायणी ब्रम्हायणी मूल जात्राको उपलक्ष्यमा अत्यावश्यक सेवा बाहेक यस नगरपालिका अन्तर्गत रहेका कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा शैक्षिक संस्थाहरुमा स्थानीय पर्व बिदा दिने | सम्पन्न |
| निर्णय नं ९: | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा यस नगरपालिकाको आ.व. २०८१/८२ मा सम्बन्धित विषयगत शाखाले आफ्नो जिम्मेवारीमा पर्ने सूचकको प्रगतिसँग सम्बन्धित तथ्य, तथ्याङ्क र प्रमाण सहितको विवरण प्रणालीमा प्रविष्टि गर्दा प्रारम्भिक नतिजामा जम्मा ७५.३ प्रतिशत सम्बन्धमा | सम्पन्न |
| निर्णय नं १०: | यस शंखरापुर नगरपालिकाको व्यवस्थापन परीक्षण कार्यविधि,२०८२ पारित गर्ने | सम्पन्न |
| निर्णय नं ११: | यस नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०७८ को १९ र २० मा रहेका अनुसूचीहरुमा यसै निर्णयको अनुसूची ३ बमोजिम संशोधन गर्ने | सम्पन्न |
| निर्णय नं १३: | शंखरापुर, कागेश्वरी मनोहरा र चाँगुनारायण नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा चक्रीय अर्थ व्यवस्थामा संयुक्त समन्वय व्यवस्थापन सम्बन्धी प्रारुप, २०८२ पारित गर्ने | सम्पन्न |
| निर्णय नं १४: | यस नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र चालु वार्षिक बजेट कार्यक्रमको लक्ष्य र उपलब्धिको समीक्षा | सम्पन्न |
| निर्णय नं १५ | शैक्षिक सत्र २०८३ देखि यस नगरपालिका भित्र विद्यालय सञ्चालन गर्न अनुमति माग गरेका विद्यालयहरुलाई तोकिए बमोजिमका कक्षा सञ्चालन गर्न अनुमति दिने | सम्पन्न |
| निर्णय नं १६ | यस नगरपालिकाको वडा नं ९ मा सञ्चालन हुने श्री गणेश इन्द्रायणी ब्रम्हायणी मूल जात्राको लागि नगरस्तरीय जात्रा पर्व सञ्चालन तथा व्यवस्थापन शीर्षकबाट रु ३,००,०००/-(अक्षररुपी रु तीन लाख मात्र) उपलब्ध गराउने | सम्पन्न |

.................................　　　　　　　　.................................
प्रमुख प्रशासकीय अधिकृत　　　　　　　　नगर प्रमुख

<u>अनुसूची २</u>

**शंखरापुर नगरपालिका**

**साँखु, काठमाढौं**

**योजना अनुगमन तथा सुपरिवेक्षण समिति**

**आ.व. २०८२।८३ चैत्र महिनाको प्रतिवेदन**

**१. पृष्ठभूमि**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**२. उद्देश्य**

यस प्रतिवेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८२।८३ को चैत्र महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

**३. अनुगमनमा सहभागी**

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

**४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु**

**क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु**

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सुचना प्रकाशन तथा सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

............................ प्रमुख प्रशासकीय अधिकृत

............................ नगर प्रमुख

ख. योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम हुने योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउन स्पष्ट निर्देशन दिईएको ।

ग. अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु

- चालु आर्थिक वर्ष २०८२।८३ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु २०८२ पुष महिनाभित्र सम्झौता गरिएका योजनाहरु २०८३ वैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सञ्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

अनुगमन गरिएका र भुक्तानी अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

| क.स. | वडा नं. | योजना | रकम (हजारमा) |
|---|---|---|---|
| १ | ७ | धलंक खल ढुंगा सोलिङ | ५०० |
| २ | ४ | फेदी बुर्कुमाला चियाबगान झुले सडक | ११२१० |
| ३ | ४ | बृद्दाश्रम घ्याङपाखा झुले सडक | ७०० |
| ४ | १ | पाङ्ग्रेबास आहालडाडा सोति सडक | ३५६९ |
| ५ | १ | ढकालटोल खानीडाँडा सडक | २८५० |
| ६ | १ | छाप ढकालटोल बरावोट सडक | ७०० |

.................................
प्रमुख प्रशासकीय अधिकृत

.................................
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ७ | १ | वडा कार्यालय देखि पन्चपाले हलेदे कश्चे सडक | ५२०० |
| ८ | ३ | बाटो तथा फूलबारी निर्माण कालिकाशरण मा.बि. | २५० |
| ९ | ३ | बाल कक्षा व्यवस्थापन | २०० |
| १० | ३ | वडा कार्यालय पूर्वाधार निर्माण | ३५०० |
| ११ | ३ | गणेशमान सिंह पार्क बाटो | ११६७ |
| १२ | ३ | ढोक्सान द्वारेटोल चौकी भन्ज्याङ सडक | ३५०० |
| १३ | ३ | सिरानचौर सडक | १६०० |
| १४ | ५ | ईटाखेल टोल विकास संस्था कोठा नि | २५० |
| १५ | ५ | ईटाखेल ढिकुरे पाटी | १५० |
| १६ | ६ | भगवती मा.बि. भवन | २०३२ |
| १७ | ७ | मनमत्ता खोला कल्भर्ट निर्माण | १२७० |
| १८ | ८ | ठूलो खोला भन्दा वारी दथुमंगल डाडामा बिश्रामस्थल | ५५० |
| १९ | ८ | बज्रयोगिनी सातपाते खुल्ला जिम निर्माण स्थल | ७०० |
| २० | ८ | नयाँगाउ टयांकी पछाडि पहिरो संरक्षण | २५० |
| २१ | ८ | धाराभन्ज्याङ भाईटोल खलडाँडा नयाँगाउ करङ सडक | २४४० |
| २२ | ८ | हिमालेश्वर महादेव शौचालय निर्माण | २५० |
| २३ | ६ | साँखु बजार ईटा सोलिङ | १२२२ |
| २४ | ६ | नगरपालिका भवन निर्माण | ३२५४ |
| २५ | ९ | रत्न दमाईको घर पछाडि पहिरो संरक्षण | २०० |
| २६ | ९ | रमा पाण्डेको जग्गा नजिक कुलो निर्माण | १७१ |
| २७ | ९ | ईन्द्रायणी मन्दिर शौचालय | २५० |
| २८ | ३ | कृष्ण भक्त मार्ग | ७१९४ |
| २९ | १ | डाँडाथोक तामाङ वस्ती सडक | २७८७ |
| ३० | ६ | महिला लक्षित कार्यक्रम | ३०० |
| ३१ | ५ | गडगडे खोला पूल संरक्षण | २०० |
| ३२ | ४ | गोमादेवी जिम राख्ने ठाउ निर्माण | २५० |

.............................. ..............................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ३३ | १ | वडा नं. १ विविध सडक | १६०० |
| ३४ | २ | ठूलोपाटा चौलागाई सडक | ९५० |
| ३५ | ९ | नगर हस्पिटल पासिखेल सडक | २०० |
| ३६ | ८ | भुल्भु बीचटोल पधेरो माथी कल्भर्ट | २०० |
| ३७ | ४ | साँखु वज्रयोगिनी घुमारचोक डाडाकटेरी चौकी भन्ज्याङ सडक | ३९०० |
| ३८ | १ | पोखरीचौर ढुडयान नेवारटोल भन्ज्याङ सडक | ५६८० |
| ३९ | १ | सिंगारे पौवा ढुंगानावेशी सडक | १६०० |
| ४० | १ | लगनशिल कृषक समूह | २५० |
| | | जम्मा | ७३०४६ |

| प्रतिवेदन तयार कर्ता | प्रतिवेदन पेश कर्ता |
|---|---|
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८२।१२।३० | मितिः २०८२।१२।३० |

............................ ............................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

११२ औं कार्यपालिका बैठक

११ वैशाख २०८३, ने.सं. ११४६ बछलाथ्व ८ शुक्रबार

## अनुसूची ३

## आयोजना/कार्यक्रम छनौट तथा प्राथमिकीकरणका आधार २०८३

योजना/कार्यक्रम छनौट गर्दा देहायको विषयवस्तुहरुलाई आधार मानी छनौट गर्नु पर्नेछः

- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा उल्लेखित सूचकहरुलाई आधार मानी बजेट तर्जुमा तथा सिफारिस गर्नु पर्नेछ ।
- सम्पूर्ण वडाहरुले बस्तीहरुमा वडा अध्यक्ष/सदस्यहरुको रोहवरमा सरोकारवाला तथा लक्षित वर्गको सहभागिता सुनिश्चित हुने गरी भेला आयोजना गरी बस्तीस्तरबाट योजना संकलन गर्नु पर्नेछ ।
- सङ्घ र प्रदेश सरकारको आवधिक योजना, नीति, लक्ष्य, उद्देश्य,समयसीमा र प्रकियासँग अनुकूल विषय, समय र प्रक्रिया
- नगरपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु
- आयोजना पहिचान,सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारण भएका आयोजनाहरु
- वातावरण संरक्षण, जलवायु परिर्वतन अनुकुलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रम
- सुशासन लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण,बालमैत्री स्थानीय शासन र लक्षित वर्गको सशक्तीकरण जस्ता अन्तर सम्बन्धित विषयहरु
- समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु
- अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु
- विषयगत क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु
- दिगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्रासिका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरु

## आयोजना/कार्यक्रम छनौटको मार्गदर्शन २०८३

- बस्तीस्तरबाट योजना संकलन गर्दा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको सूचक नं. १.१.१३.२ बमोजिमको ढाँचामा तथा २.५.३.१ मा भएको व्यवस्था अनुसार आमन्त्रण गरेको पत्र सहित उपस्थिति गर्नु पर्नेछ ।
- वडागत बजेटको कुल सिलिङको पूंजीगत तर्फ ८०% र चालु तर्फ २०% योजना/कार्यक्रम छनौट गर्नु पर्ने ।
- लक्षित वर्गका कार्यक्रमको शिर्षक लैङ्गिक मैत्री/अपाङ्गमैत्री हुनुपर्ने
- पूर्वाधार तर्फ कम्तिमा १ योजना १६ लाख माथिको हुने गरी योजना छनौट गर्नु पर्ने ।
- शाखागत कार्यक्रमहरु नगरस्तरीय योजना/कार्यक्रमबाट समेटिने भएकोले वडाले पूर्वाधार विकास तर्फका योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।
- स्थानीय श्रोत साधनको बढी उपयोग हुने र स्थानीय स्तरमा बढी भन्दा बढी जनसहभागिता जुट्ने तथा पूर्वाधार निर्माण सम्पन्न पश्चात उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सकिने प्रकृतिका योजना/कार्यक्रम छनौट गर्नु पर्ने ।
- योजना छनौट गर्दा अधुरा योजनालाई मुख्य प्राथमिकतामा राख्नुपर्ने ।
- आर्थिक सहायता र समसामयिक सुरक्षा सम्बन्धी कार्यक्रम समावेश नगर्ने ।
- माथी उल्लेखित मापदण्डहरुका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिमको क्षेत्राधिकार भित्र रही योजना तर्जुमा गरी बस्तीस्तरबाट संकलन भएका योजना/कार्यक्रमहरुलाई वडा समितिले प्राथमिकिकरण गरी मिति २०८३ जेठ १० भित्र नगरपालिकामा पेश गर्नु हुन ।

.........................................
प्रमुख प्रशासकीय अधिकृत

.........................................
नगर प्रमुख